यो आकाशवाणी हो ।

25-11-25

सर्वप्रथम मुख्य समाचार।

- प्रधानमन्त्री नरेन्द्र मोदीले श्री राम जन्मभूमि मन्दिरको शिखरमा फहराउनुभयो , धर्म ध्वजा
- राष्ट्रपतिले  राष्ट्र निर्माणका लागि राजस्व संग्रह अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो
- राष्ट्रले भोली संविधान दिवस मनाउनेछ , जसको विषय  रहेकोछ, "हाम्रो संविधान- हाम्रो स्वाभिमान"  अनि
- एस.बी.आई –ले नयाँ श्रम संहिताको कार्यान्वयनले अर्थव्यवस्थालाई उल्लेखनीय बढ़ावा मिल्ने र देशमा बेरोजगारी दरमा कमी आउने दिएकोछ जानकारी ।

**नया प्रधानमन्त्री-अयोध्या**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा श्री राम जन्मभूमि मन्दिरको शिखरमा धर्म ध्वजा फहराउनुभयो। यो मन्दिर निर्माणको पूर्ण हुने तथा सांस्कृतिक उत्सव र राष्ट्रीय एकताको एउटा नयाँ अध्यायको शुभारम्भको प्रतीक हो। यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो, यो ध्वज भारतीय सभ्यताको पुनर्जागरणको प्रतीक हो। उहाँले भन्नुभयो, यो पवित्र ध्वज प्रमाण छ ,  कि अन्तत:  असत्यमा सत्यको विजय हुन्छ । प्रधानमन्त्रीले भन्नुभयो, लोकतन्त्र यस देशको डी.एन.ए –मा छ । उहाँले भन्नुभयो, केन्द्र सरकारले प्रत्येक व्यक्ति, विशेष गरि समाजका वन्चित वर्गको उत्थानका लागि काम  गरिरहेकोछ ।

44 राष्ट्रपति-आईआरएस बैठक

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, राष्ट्र निर्माणका लागि राजस्व संग्रह अत्यन्त महत्वपूर्ण छ। नयाँ दिल्लीमा भारतीय राजस्व सेवाको छयहत्तर औं ब्याचका प्रशिक्षु अधिकारीहरूलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, यो **राजस्व निधी** बुनियादी ढाँचा, शिक्षा, स्वास्थ्य र सामाजिक कल्याणका लागि हो। राष्ट्रपति मुर्मुले बल दिनुभयो , कर संग्रह एक सुचारू प्रक्रिया हुनु पर्छ जसमा करदाताहरूलाई न्यूनतम असुविधा हुनेहोस्।

21 संविधान दिवस

राष्ट्रले भोली संविधान दिवस मनाउनेछ। यस वर्षको समारोहको विषय **"हाम्रो संविधान-हाम्रो स्वाभिमान"** रहेकोछ। मुख्य समारोह नयाँ दिल्ली स्थित संविधान सदनको केन्द्रीय कक्षमा आयोजना गरिनेछ। राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति सी. पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला, केन्द्रीय मन्त्री र सांसद, देशका पूर्वजहरूलाई याद गर्न र सम्वैधानिक मूल्य प्रति राष्ट्रीय प्रतिबद्धता पुष्टि गर्नका लागि यस कार्यक्रममा शामेल हुनुहुनेछ। संसदीय कार्य मन्त्री किरेन रिजिजूले सोशल मीडिया पोस्टमा छब्बीस नवेम्बरलाई संविधान दिवस घोषित गर्न र बाबासाहेब डा. बी. आर. अम्बेडकरलाई उहाँको योगदानका लागि श्रद्धान्जलि अर्पण गर्नका लागि प्रधानमन्त्री मोदीलाई आभार व्यक्त गर्नुभयो।

23 एसबीआई-श्रम सुधार

भारतीय स्टेट ब्याङ्क-एस.बी.आई –ले भनेकोछ, नयाँ श्रम संहिताको कार्यान्वयनले अर्थव्यवस्थालाई उल्लेखनीय बढ़ावा मिल्नेछ र देशमा बेरोजगारी दरमा कमी आउनेछ।

ब्याङ्कको एउटा रिपोर्ट अनुसार नयाँ श्रम संहिताले बेरोजगारी दरमा एक दशमलव तिन प्रतिशत सम्मको कमी आउनसक्छ । यसले सतहत्तर लाख अतिरिक्त रोजगार सृजना हुनेछ। रिपोर्टमा बताइएकोछ, यस महीनाको एकाइस तारीखदेखी लागू भएको नयाँ श्रम संहिताको कार्यान्वयनले श्रम बलमा औपचारिकताको हिस्सेदारी पन्द्रह प्रतिशत बढ्ने छ । यसले कुल औपचारिक श्रमिकहरूको हिस्सेदारी वर्तमान अनुमानित साठ्ठी दशमलव चार प्रतिशतले बढ़ेर पचहत्तर दशमलव पाँच प्रतिशत हुनेछ । सामाजिक क्षेत्रको कवरेज पचासी प्रतिशत सम्म बढ्न सक्छ, जसले देशको श्रम पारिस्थितिकी तन्त्र बलियो हुनेछ।

Byte २- abishek SBI

एस.बी.आईले बताएकोछ, देशमा लगभग चवालिस करोड़ मानिस वर्तमानमा असंगठित क्षेत्रमा काम गर्छन्, जसमा लगभग एकतिस करोड़ श्रमिक ई-श्रम पोर्टलमा पंजीकृत छन् । यस परिवर्तनका साथ अगिलो दुई देखी तिन वर्षमा देशको सामाजिक सुरक्षा कवरेज अस्सी देखी पचासी प्रतिशत सम्म पुग्ने आशा छ ।

Gong1

33 बिहार मन्त्रिमण्डल बैठक

बिहारमा नवगठित नीतीश कुमार सरकारको मन्त्रिमण्डलको पहिलो बैठक आज भयो । मुख्यमन्त्री नीतीश कुमारको अध्यक्षतामा भएको यस बैठकमा कुल छ प्रस्तावहरूलाई स्वीकृती दिइएको छ। मुख्य सचिव प्रत्यय अमृतले बिहारमा पचिस नयाँ चीनी मिल खोलिने घोषणा

गर्नुभयो । उहाँले बताउनुभयो, बन्द  रहेको चीनी मिललाई पुनर्जीवित गर्नका लागि मुख्य सचिवको अध्यक्षतामा एउटा उच्चस्तरीय समिति बनाउने प्रस्तावलाई पनि स्वीकृती दिइएकोछ । यसका अतिरिक्त  बैठकमा बिहार **राज्य आर्टिफिशियल इन्टेलिजेन्स मिशनको** स्थापना र राज्यलाई **न्यू एज इकोनमी** अन्तर्गत एउटा वैश्विक कार्यस्थलका रूपमा विकसित गर्न हेतु एउटा शीर्ष समितिको गठनलाई  पनि स्वीकृती दिएकोछ।

## 39 वित्त मंत्रालय-यूपीएस

वित्त मन्त्रालयले भनेकोछ, राष्ट्रीय पेन्शन प्रणाली – **एन.पी.एस** अन्तर्गत पात्र कर्मचारीहरू र पूर्व सेवानिवृत्त कर्मचारीहरूका लागि एकीकृत पेन्शन योजना – **यू.पी.एस**  चुनिने अन्तिम तिथि तिस  नवेम्बर हो। सबै सम्बन्धीत एन.पी.एस योगदानकर्ताहरूलाई सूचित गरिएकोछ, उहाँले सी.आर.ए प्रणालीको माध्यमले आफ्नो यू.पी.एस अनुरोध अनलाइन जमा गर्न सक्नुहुनेछ भने, यस अतिरिक्त तिस  नवेम्बर दुई हजार पचिस सम्म  अथवा यसअघि सम्बन्धीत नोडल कार्यालयमा पनि विधिवत भरिएको आवेदन पत्र जमा गर्न सकिनेछ।

## निर्वाचन आयोग - एस आई आर

निर्वाचन आयोगले भनेकोछ, विशेष गहन पुनरीक्षण -एस आई आर –को दोस्रो चरणको शुरुवात पछि निनानब्बै  प्रतिशत भन्दा धेरै गणना प्रपत्र मतदाताहरू बीच वितरण गरिएकोछ । एस आई आर-को दोस्रो चरण चार  नवेम्बरमा नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा शुरू भयो । ती हुन् - छत्तीसगढ़, गोवा, गुजरात, केरल, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुद्दुचेरी, लक्षद्वीप, अण्डमान र निकोबार द्वीप समूह। मतदाता

सूचिको ठूलो स्तरमा पुनरीक्षण कार्य, अगिलो वर्ष सात फरवरीमा अन्तिम मतदाता सूचीको प्रकाशनका साथ सम्पन्न हुनेछ।

**राजनाथ - समुद्र उत्कर्ष**

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभएकोछ, वर्तमानमा निर्माणाधीन नौसेना र तटरक्षक बलको जहाज भारतीय शिपयार्डमा बनाइदैछ। उहाँले भन्नुभयो, यो आत्मनिर्भर भारत र प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणको प्रमाण हो। आज नयाँ दिल्लीमा **'समुद्र उत्कर्ष'** संगोष्ठीमा श्री सिंहले भन्नुभयो, भारतका लागि समुद्री व्यापारमा निर्भरता विशेष रूपले धेरै छ। रक्षा मन्त्रीले प्रकाश पार्नुभयो, भारतको पन्चानब्बे प्रतिशत व्यापार, मात्राको हिसाबले र लगभग सत्तरी प्रतिशत मूल्यको हिसाबले समुद्री मार्गबाट हुन्छ। श्री सिंहले भन्नुभयो परिवहनको यो साधन महाद्वीप बीच भारी मालको ढुवानी, वैश्विक आपूर्ति श्रृंखलालाई सक्षम बनाउने र राष्ट्रीय अर्थव्यवस्थालाई समर्थन दिने सबैभन्दा किफायती र कुशल साधन बनेकोछ।

**56 इफ्फी-धर्मेंद्र श्रद्धांजलि**

छपन्न औं भारतीय अन्तर्राष्ट्रीय फिल्म महोत्सवमा महान अभिनेता धर्मेंद्रलाई भावपूर्ण श्रद्धान्जलि अर्पिण गर्दै भारतीय सिनेमामा उहाँको अभूतपूर्व योगदानलाई याद गरियो।फिल्म निर्माता राहुल रवैलले उहाँलाई प्रतिष्ठित अभिनेता र एक असाधारण मानिसका रूपमा स्मरण गर्दै कला प्रति उहाँको अटूट समर्पण र उत्साहलाई पनि याद गर्नुभयो।

**अनत्यमा मुख्य समाचार फेरी एकपल्ट**

- प्रधानमन्त्री नरेन्द्र मोदीले श्री राम जन्मभूमि मन्दिरको शिखरमा फहराउनुभयो , धर्म ध्वजा

- राष्ट्रपतिले  राष्ट्र निर्माणका लागि राजस्व संग्रह अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो
- राष्ट्रले भोली संविधान दिवस मनाउनेछ , जसको विषय  रहेकोछ, "हाम्रो संविधान-हाम्रो स्वाभिमान"  अनि
- एस.बी.आई –ले नयाँ श्रम संहिताको कार्यान्वयनले अर्थव्यवस्थालाई उल्लेखनीय बढ़ावा मिल्ने र देशमा बेरोजगारी दरमा कमी आउने दिएकोछ जानकारी ।